सशस्त्र बलहरुको लोकतान्त्रिक नियन्त्रणसम्बन्धी जेनेभा केन्द्र

# राष्ट्रिय रणनैतिक अवधारणाको परिभाषा

डा. विलेम एफ. भान एकेलिन

DCAF
सशस्त्र बलहरुको लोकतान्त्रिक नियन्त्रणसम्बन्धी जेनेभा केन्द्र

ASPECT
शान्ति तथा द्वन्द्व रुपान्तरण सम्बन्धी एसियाली अध्ययन केन्द्र

जेनेभा, २०१०

© प्रकाशक, २०१०

*प्रकाशक :*
सशस्त्र बलहरुको लोकतान्त्रिक नियन्त्रणसम्बन्धी जेनेभा केन्द्र

*कार्यकारी प्रकाशक :*
शान्ति तथा द्वन्द्व रुपान्तरणसम्बन्धी एसियाली अध्ययन केन्द्र
पि.ओ. बक्स ४६१०
काठमाडौं, नेपाल
वेभसाइट : www.aspect.org.np

डिक्याफका नीतिपत्रहरू नीति संभाषणमा योगदान पुऱ्याउने डिम्याफको मुख्य लक्ष्यको बढ्दो सान्दर्भीकता परिप्रेक्ष्यमा तयार पारिएको आलेख हो । यसमा उल्लेख गरिएका राय विचारहरू लेखकका आफ्ना हुन् र यसले डिक्याफको धारणा प्रतिनिधित्व गर्छ भन्ने छैन ।

*अनुवाद :* अन्जना भट्टराई
*भाषा सम्पादक :* ममिला प्रधान, पेजपरफेक्ट
*आवरण डिजाइन, कम्प्यूटर सज्जा तथा मुद्रण :* पेजपरफेक्ट, काठमाडौं

# राष्ट्रिय रणनैतिक अवधारणाको परिभाषा

डा. विलेम एफ. भान इकेलेन

रणनैतिक अवधारणाले राष्ट्रको राजनैतिक-सैनिक सन्दर्भमा यसले ५ देखि १० वर्षको अवधिमा अपनाउने लक्ष्य, प्राथमिकता, बन्धपत्र र साधनको सम्मतीपूर्ण आधार प्रदान गर्ने ध्येय राख्दछ। यो विभिन्न नाम वा शीर्षकमा आउन सक्छ। जस्तै, राष्ट्रिय सुरक्षा रणनीति वा अवधारणा, सुरक्षा र प्रतिरक्षा अवधारणा वा सुरक्षा र प्रतिरक्षा नीति। सामान्यतया: आधुनिक विश्वमा प्रतिरक्षाको अवधारणा परिवर्तन भइरहेको छ र सुरक्षाको व्यापक अवधारणाको एउटा अङ्ग भएको छ। "आवधारणा" भन्ने शब्दले स्थायी दस्तावेजको प्रभाव दिन्छ, तर वास्तवमा यो धेरैजस्तो अवस्थामा निरन्तर संशोधनको विषय हुनसक्छ। यो आफैमा निकै संक्षिप्त दस्तावेज हुनसक्छ र त्यसकारण यसले यसको कार्यान्वयनको सन्दर्भमा धेरै प्रश्नहरू अनुत्तरित छोड्नसक्छ। त्यसकारण यो परिच्छेदमा रणनैतिक अवधारणा सुरक्षा नीतिको व्यापक अर्थमा छलफल गरिनेछ।

एउटा अन्तर्राष्ट्रिय सर्वेक्षणले वर्तमान रणनैतिक अवधारणाले यसको क्रमिकरुपमा विस्तार हुने चरित्र र समयसमयमा अद्यावधिक गर्नुपर्ने कुरा निश्चित गरेको छ। संयुक्त राज्य अमेरिकामा हरेक चार वर्षमा सुरक्षा पुनरावलोकन गर्नुपर्ने कानुनी बाध्यता छ (१ फेब्रुअरी २०१० मा अन्तिम पुनरावलोकन प्रकाशित भएको) र यसलाई आणविक प्रारुप पुनरावलोकनसँग पूरक रुपमा गर्नुपर्दछ। नाटोले १९९१ र १९९९ मा रणनैतिक अवधारणा स्वीकार गरेर शीतयुद्ध समाप्ती अन्तरग्रहण गरेको हो र अर्को नोभेम्बर २०१० मा गर्ने अपेक्षा गरिएको छ। युरोपेली सङ्घले एउटा रणनैतिक दस्तावेज "उन्नत विश्वमा सुरक्षित युरोप, युरोपेली सुरक्षा रणनीति" शीर्षकमा डिसेम्बर २००३ मा तयार गऱ्यो। जनगणतन्त्र चीनले १९९८ देखि छ वटा स्वेतपत्र प्रकाशित गऱ्यो, जसमध्ये अन्तिम २० जनवरी २००९ मा देखा परेको थियो।

प्रतिरक्षाको परम्परागत बुझाइ बाह्य आक्रमणको विरुद्ध आफ्नो देशको भू-भागको रक्षा थियो। आज शीतयुद्धको समयको जस्तो आक्रमणको खतरा निकै कम छ, तर नयाँ खतराहरू अगाडी आएका छन्। कहिलेकाहीँ यसलाई नयाँ खतरा र चुनौती भनिन्छ। विशेषगरि, अतिवादी आतङ्कवादको उदय र भूमण्डलीकरणको प्रक्रियाको नतिजास्वरुप र विश्वव्यापी साझा समस्याको धारणा र तिनीहरूको असरबाट आन्तरिक र बाह्य

सुरक्षाको बीचमा नयाँ कडी उदय भएको हामी देख्दछौं । आतङ्ककारी गतिविधि विरुद्धको प्रायः प्रतिकार र लडाइँ गृह मन्त्रालय अन्तर्गत प्रहरीले गर्नुपर्दछ । यसको विपरीत देशबाहिर शान्तिस्थापनार्थ हुने कार्यवाहीहरूमा सेनाको भूमिका आफ्नो मुलुकमा प्रहरीले जे गरिरहेछ त्यससँग मिल्दछ । तर सिपाहीहरू आवश्यकता परेको अवस्थामा सुरक्षा दिन र आवश्यकताअनुसार गुरिल्ला प्रवृत्तीको बलसँग प्रतिरोध गर्न प्रतिविद्रोह कार्यवाहीमा संलग्न हुन जरुरी छ । अहिले अफगानिस्तानमा नाटोले नयाँ किसिमको लडाइँ लडिरहेको छ, शीतयुद्धकालमा सोभियत सङ्घले बृहत् आकस्मिक धावा बोल्ने त्रासले अग्रभागमा मोर्चा सफलतापूर्वक लिएको स्थितिभन्दा फरक रुपमा । विद्रोहीहरू कमजोर पक्ष भएको कारणबाट असमान किसिमको युद्ध अनुसरण गर्दछन्, साथै विपक्षीको कमजोर बिन्दुमा केन्द्रित हुन्छन् र जनताको बीचमा प्रहार गर्ने हुन्छन् जहाँ उनीहरूलाई देख्न र नियन्त्रणमा लिन गाह्रो हुन्छ ।

दोश्रो नयाँ तत्व सुरक्षा र विकास बीचको समन्वयले बढ्दो मान्यता पाएको छ । आर्थिक सहकार्य र विकास सङ्गठनले (OECD) न्यूनतम सुरक्षा अवस्थाले सबै विकासका प्रयासहरू बेकार हुन्छन् र अन्ततोगत्वा भरपर्दो सुरक्षा दिगो विकास बिना सम्भव हुँदैन भन्ने दह्रो भनाइलाई अगाडी सारेको छ । यस सम्बन्धमा युरोपेली सङ्घको रणनीतिमा उल्लेख गरे अनुसार :

> “द्वन्द्वले सामाजिक पूर्वाधार लगायत भौतिक पूर्वाधारहरू मात्र नष्ट गर्दैनन् यसले अपराधीकरणलाई प्रोत्साहित गर्दछ, लगानी अवरोध गर्दछ र आर्थिक गतिविधिलाई असम्भव बनाउँदछ ।”

उल्लेख गरिएका दुवै तत्वहरूले मुलुकले सामना गरिरहेको खतरा र चुनौतीहरूको व्यापक सोचाइ र तिनीहरूलाई सम्बोधन गर्ने नीति तथा साधनहरू बारे निश्चित दृष्टिकोणको आवश्यकतालाई जोड दिन्छ । त्यस्तो विस्तृत दृष्टिकोणको सैनिक मिसनहरूको परिचालन, खासगरि शान्ति सहयोगी कार्यमा महत्वपूर्ण परिणाम हुन्छ । युरोपेली सङ्घको रणनीतिले सेना प्रयोगबाट मात्र कुनै द्वन्द्व समाधान हुन सक्दैन भन्ने कुरालाई महत्व दिएको छ । परिणामस्वरुप, कडा शक्ति (सैनिक) र नरम शक्ति (राजनैतिक र आर्थिक प्रभाव)को बीचको सम्बन्ध पन्छाउन नसकिने भएको छ । सङ्कटको अवस्थामा कुनै मिसनको सफलता नरम शक्ति र कडा शक्ति कार्यवाहीको सुरु देखि नै हातमा हात मिलाएर सँगै हिँडे मात्र सम्भव हुन्छ । नरम शक्तिले मात्र बिरलै काम गर्छ । अथवा अर्को शब्दमा भन्नु पर्दा नरम शक्ति कडा शक्ति धेरै टाढा नभएको अवस्थामा मात्र प्रभावकारी हुन सक्छ ।

संयुक्त राष्ट्र सङ्घको तत्वाधानमा खटिएका शान्ति स्थापनार्थ मिसनहरू निकै कडा कार्यवाहीमा जाने देखिएको छ । शीतयुद्धको समयमा संयुक्त राष्ट्र सङ्घ शान्तिस्थापना

मिसन युद्धविराम भएको अवस्थामा र सम्बन्धित पक्षबीच मिसन खटाउने सम्झौतामा सीमित थियो । वास्तवमा यसको कार्यभार शान्तिको सम्भाव्यता रहेको अवस्थामा शान्ति कायम गर्नु थियो । पछि बोस्निया-हर्जगोभिनामा, जहाँ शान्ति थिएन र सबै पक्षहरू आफ्नो प्रभावमा रहेको क्षेत्र बढाउने प्रयत्नमा थिए, मिसनको असंतोषजनक परिणामले संयुक्त राष्ट्र सङ्घ कडा शान्ति स्थापनामा उद्यत भयो, जसको मतलब आफ्नो सुरक्षामा मात्र होइन, आफ्नो तोकिएको जिम्मेवारी पूरा गर्न बल प्रयोग गर्ने अनुमति समेतको कार्यादेश प्राप्त थियो । त्यस्तो मिसनको एक उदाहरण लोकतान्त्रिक गणतन्त्र कंगोको पश्चिमी क्षेत्रमा MONUC को सञ्चालन हो ।

कुनै मिसनमा शक्ति प्रयोग गर्ने सम्भावनाले मिसनलाई विश्वासिलो त बनाउँदछ, तर निकै जोखिम पनि हुन्छ । सैनिक पेशा समयसँगै बढी खतरायुक्त भएको छ । पहिले सिपाहीहरू आफ्नो मुलुकमा आक्रमण भएमा प्रतिरक्षा गर्ने कार्यका लागि स्थायी स्थानमा अवस्थित रहन्थे, जुन वास्तवमा कहिल्यै भएन । हामीले देख्यौं अफगानिस्तानमा हताहत बढ्यो । परिणामतः शान्ति स्थापनार्थ मिसनमा कुनै देशले भाग लिनुपर्छ, पर्दैन भन्ने कुरा राजनैतिक मुद्दा भएको छ, जुन कुरामा सांसदहरूले गम्भीर रुपमा चासो राखेका छन् ।

युरोपेली सङ्घले शान्ति सहयोग मिसनलाई – जसलाई सन् १९९२ मा जर्मनीको बोन नजिक रहेको पहाडमा निर्णय गरेकोले "पिटर्सबर्ग मिसन" नामाकरण गरिएको छ – निम्नानुसार श्रेणीमा विभाजित गरेको छ :

- मानवीय मिसन
- उद्धार मिसन, अर्थात नागरिकहरूको सङ्कटग्रस्त इलाकाबाट उद्धार
- शान्तिस्थापना (माथि उल्लेख गरे अनुसार सीमित अर्थमा)
- सङ्कट व्यवस्थापनमा लडाकु दस्ताको भूमिका अर्थात शान्ति कार्यान्वयन

डिसेम्बर २००८ मा थप दुई कार्य निर्दिष्ट गरियो :

- लडाकुहरूको निःशस्त्रीकरण – म्यासेडोनिया र आके, इन्डोनेसीयामा गरे जस्ता
- सङ्कट रोकथाम–जुन सैनिकभन्दा राजनैतिक कार्य हो ।

## रणनैतिक अवधारणाको अन्तर्वस्तु

शीतयुद्धको समयमा राजनैतिक आवधारणा मूलतः सैनिक दस्तावेज नै थियो, जुन गोप्य राखिन्थ्यो र आक्रमणको अवस्थामा सैनिक प्रतिकार्यवाहीका लागि तयार गरिन्थ्यो । नाटोमा सैनिक समितिद्वारा अवधारणा तयार गरिन्थ्यो र सुरक्षा र प्रतिरोधक कार्यमाथी विशेष जोड दिइन्थ्यो । आणविक रणनीति र यसको "बृहत् प्रतिकार" बाट

“प्रतिउत्तरमा लचकता” तिर क्रमशः विकास मुख्य अङ्ग हुने गर्‍यो । यो “रणनीति” शब्दको मौलिक अर्थसँग मिल्दो थियो जुन ग्रीक शब्दावली अनुसार जनरलहरूको कला थियो । उसले शत्रुको विरुद्ध कार्यवाही यसरी सञ्चालन गर्नुपर्दछ कि सकभर चाँडो र न्यूनतम क्षतिमा विजय प्राप्त होस् । रणनीतिका गुरु भन ल्कजविजले रणनीतिलाई लडाइँको परिचालनको रुपमा लिए ।

धेरै वर्षसम्म “सिद्धान्त” शब्दावली हामीलाई लागेको सैनिक मामिला सञ्चालन गर्न अत्युत्तम उपायको वर्णन गर्न “रणनीति”भन्दा धेरै प्रयोग भयो । आज “सिद्धान्त” कार्यवाही कार्यान्वयन गर्ने सैनिक कार्यभारमा प्रयोग हुन्छ र संयुक्त राज्य अमेरिकामा जस्तो थलसेना, जलसेना र वायुसेनामा विभक्त भएको छ । पुनः सिद्धान्त भन्ने शब्दले स्थायी सत्यको रुपलाई सङ्केत गर्छ जुन सुरक्षा अवस्थामा द्रूत परिवर्तन, प्रयोग गरिने युक्ति र उपलब्ध नयाँ प्रविधिसँग मेल खाँदैन । “रणनीति” शब्द बृहत् परिवेशमा प्रयोग गरिन्छ र कहिलेकाहीँ यसको व्यापक चरित्र उल्लेख गर्न “बृहत् रणनीति” शब्द प्रयोग गरिन्छ । साथै, नागरिक समाजले पनि रणनीतिको भावनालाई आफूसँग जोडेका छन् । व्यापारिक स्थापनाहरूले बजार विस्तार गर्ने दीर्घकालीन लक्ष्य परिभाषित गर्न र त्यहाँसम्म पुग्ने साधनका रुपमा रणनीतिलाई अङ्गिकार गरेका छन् । राजनैतिक दलहरूले आउने चुनाव जित्ने रणनीति लिन्छन् । महत्वाकांक्षी व्यक्तिहरूले आफ्नो वृत्ति विकासका लागि आफ्नो रणनीति तयार गर्दछन् ।

यो लेखमा रणनीति यसको व्यापक अर्थमा प्रयोग गर्दछौं, सेनासँग सम्बन्धित विषयवस्तुमा मात्र सीमित हुँदैनौं, तर राष्ट्रको बृहत् हितसँग सम्बन्धित, विविध त्रास र चुनौतीको विरुद्ध सुरक्षा र त्यसलाई सुरक्षित गर्ने साधनहरूबारे व्याख्या गर्दछौं ।

तसर्थ, आधुनिक रणनैतिक अवधारणाको धेरै कार्य छन् :

१. यसले राष्ट्रिय हित र खतराहरूका बारेमा समाजमा मतैक्यता प्रतिबिम्बित गरेको हुनुपर्दछ ।
२. यसले सुरक्षा निकायहरूको जिम्मेवारीको उपलब्ध विकल्प र प्राथमिकताहरू परिभाषित गर्नपर्दछ र तिनीहरू परिचालन हुने वित्तीय संरचनाको सङ्केत गर्नुपर्दछ ।
३. यो सुरक्षाबल योजना, वैयक्तिक र हातहतियारसम्बन्धी नीतिको विस्तृत क्षेत्रगत दस्तावेजको आधार हुनुपर्दछ । अर्को शब्दमा यसले सशस्त्र बलहरूको भावी कार्य र तिनीहरू कसरी व्यवस्थीत हुने भन्ने कुरा इङ्गित गरेको हुनुपर्दछ ।
४. यसले सार्वजनिक कुटनीतिको साधनको रुपमा कार्य गर्नपर्दछ, आन्तरिक रुपमा आफ्नै जनताप्रति र बाहिरी रुपमा सुरक्षा वातावरणका अन्य पात्रहरूप्रति ।

संयुक्त राज्य अमेरिका सुरक्षा विभागको परिभाषा अनुसार, जुन नाटोले पनि अवलम्बन गरेको छ, रणनैतिक अवधारणा भन्नाले :

> "आकलन गरिएको रणनैतिक अवस्थाको परिणामस्वरुप स्वीकार गरिएको कार्यवाहीहरूको श्रृङ्खला हो । व्यापक अर्थमा के गर्नपर्दछ भन्ने कुराको अभिव्यक्ति हो र सैनिक, कुटनैतिक, आर्थिक मनोवैज्ञानिक र यसबाट उत्पन्न हुने सबै परिणामलाई पर्याप्त लचकताका साथ प्रयोग गर्ने स्वीकृती दियोस् ।"

यो परिभाषा हुनुपर्ने जति स्पष्ट छैन किन भने यसले समस्यालाई "रणनैतिक परिस्थिति" तर्फ लगेको छ । वास्तवमा कुनै सम्बन्धित मुलुकको भौगोलिक अवस्थिति, साथै यसको राजनैतिक सन्दर्भ, यसले सामना गरेको खतरा र यसलाई सम्बोधन गर्ने क्षमताअनुसार यो फरक हुन्छ । थुप्रै प्रश्नहरू विचार गर्नपर्दछ । सम्बन्धित मुलुकको अरु मुलुकसँग सामुहिक वा द्विपक्षीय सुरक्षा सम्झौता छ ? अथवा यसले आफ्नो स्वायत्त सामर्थ्यमा भर पर्नपर्दछ ? यसले तटस्थताको औपचारिक स्थिति अवलम्बन गरेको छ ? के यो ठूलो र शक्तिशाली छिमेकीको बीचमा छ, जसले राजनैतिक र आर्थिक दबाब दिने प्रयत्न गर्दछन् तर पनि आपसी स्वार्थ रक्षार्थ यसको राजनैतिक स्वतन्त्रतालाई रक्षा गर्दछन् ?

## सुरक्षा उद्देश्य

रणनैतिक अवधारणा तयार गर्ने पहिलो कदम मुलुकको सुरक्षा अवस्थाको विवरण र नीतिको सञ्चालनमा यसको उद्देश्य विचार गर्नु हो । यस कार्यका लागि परराष्ट्र र रक्षा मन्त्रालयहरूले मुख्य भूमिका खेल्नु पर्दछ, तर तथ्याङ्क सामग्री गृह मन्त्रालय, अर्थ मन्त्रालय, यातायात मन्त्रालय आदिलाई आवश्यक हुन्छ र यस छलफलको निचोड प्रधानमन्त्रीको अध्यक्षतामा रहेको मन्त्रीमण्डलमा पेश गर्नुपर्दछ । फेरी पनि यसको विषयवस्तु मूलतः भौगोलिक अवस्थितिमा भर पर्दछ, तापनि केही सामान्य तत्वहरू निम्नानुसार सूचीकरण गर्न सकिनेछ :

- राष्ट्रिय सुरक्षामा सृजना हुने र उत्पन्न हुने विभिन्न प्रकारका खतराहरू रोक्न
- क्षेत्रीय अखण्डता, राजनैतिक स्वतन्त्रता र राष्ट्रको स्थायित्व कायम राख्न
- आक्रमण विरुद्ध प्रतिरक्षा गन
- राजनैतिक, सैनिक वा अरु किसिमका दबाब विरुद्ध कार्यवाही गर्ने स्वतन्त्रता कायम राख्न
- गैर-राज्य निकायबाट समाजमा हुने आक्रमणबाट समाजलाई सुरक्षित गर्न

- प्राकृतिक श्रोत र अन्य साधनहरूलाई सुरक्षित गर्न
- विदेशी बजारहरूको पहुँच कायम राख्न, जस्तै विदेशी बन्दरगाहसम्म पुग्ने भरपर्दो बाटो वा जलमार्गको स्वतन्त्रता
- अन्तर्राष्ट्रिय शान्ति र स्थायित्वलाई योगदान पुऱ्याउन र संयुक्त राष्ट्र सङ्घको बडापत्रको भावनाभित्र रहि अन्तर्राष्ट्रिय कानुनको विकासलाई सहयोग पुऱ्याउन

उद्देश्यको यस सूचीलाई अझै विस्तार गर्न सकिन्छ । यसमा मानव अधिकारको संरक्षण, जनजाति विरुद्धको भेदभाव उन्मूलन, निष्पक्ष श्रम अभ्यासहरू, सर्वव्यापी शिक्षा आदि समावेश गर्न सकिन्छ, तर यी विषयहरू रणनैतिक अवधारणाभन्दा संविधान वा अरु कानूनी व्यवस्थासँग सम्बन्धित हुन्छन् ।

युरोपमा यी उद्देश्यहरू बहुपक्षीय सङ्गठनहरू र गठबन्धनहरूमार्फत कार्यान्वयन हुन्छन् । नाटोमा सामुहिक प्रतिरक्षा दफाहरू र व्यापक राजनैतिक परामर्शको व्यवस्था छ । युरोपेली सङ्घ आर्थिक समुदायको रुपमा सुरु भयो, तर क्रमशः परराष्ट्र र सुरक्षा नीति, न्यायिक र गृह क्षेत्रमा सहयोगको दायरामा विस्तार भयो । लिस्बन सम्झौताले यस क्रियाकलापलाई बढी युक्तिसंगत, बढी प्रभावकारी र बढी लोकतान्त्रिक बनाउने लक्ष्य लियो । यसले दुईवटा एक्यबद्धता दफाहरू राख्यो : एउटा आतङ्ककारी हमलाको वा प्राकृतिक वा मानवसिर्जित विपत्ति सम्बन्धमा र अर्को आक्रमणको सम्बन्धमा । पछिल्लो दफा नाटो र पश्चिमी युरोपेली सङ्घको जति स्पष्ट छैन, तापनि सबै २७ सदस्य राष्ट्रबाट अनुमोदित भएका कारणबाट फाइदाजनक छ ।

नाटोले आफ्नो १९९९ को रणनैतिक अवधारणा पुनरावलोकन कार्य इराक युद्धको कारण आधारभूत मतभिन्नता र संयुक्त राज्य अमेरिकाको नेतृत्वमा इच्छुकहरूको गठबन्धनका कारणबाट गरेन । राष्ट्रपति ओबामा र उहाँको बहुपक्षीय दृष्टिकोणले गर्दा नयाँ अवसर देखा परेको छ । फेब्रुवरी १, २०१० मा भएको पहिलो चार-वर्षे पुनरावलोकनमा उल्लेख बहुसाझेदार विश्वलाई लक्षित गरे, तर साथै संयुक्त राज्य अमेरिकालाई विश्वमा सबैभन्दा बलियो सैनिक शक्ति राख्न चाहे । सो पुनरावलोकनले सँगसँगै दुईवटा ठूला लडाइँ लड्न सक्ने अमेरिकी क्षमताको परम्परागत हठलाई त्याग्यो र नयाँ सिद्धान्त प्रतिपादित गऱ्यो, जसले परम्परागत लडाइँ जित्ने क्षमता राख्नुको साथै निरन्तर विविधतापूर्ण खतरा र द्वन्द्वमा सरिक रहने क्षमतालाई जोड दियो । सो पुनरावलोकनमा आणविक स्थिति पुनरावलोकन समावेश थियो र पहिलो पल्ट क्षेप्यास्त्र प्रतिरक्षा पुनरावलोकन र अन्तरिक्ष स्थिति पुनरावलोकन पनि समावेश थिए ।

## रणनैतिक खतरा

दोश्रो चरण राष्ट्रले सामना गर्ने खतरा, जोखिम र चुनौतीहरूको परिभाषा हो । यसमा गुप्तचर संयन्त्रहरूसँगको नजिकको सहकार्यमा रक्षा र परराष्ट्र मन्त्रालयले मुख्य भूमिका लिइ काम गर्नुपर्ने हुन्छ । गृह मन्त्रालय आन्तरिक सुरक्षा स्थितिमा संलग्न हुनेछ ।

नाटो तथा युरोपेली सङ्घ दुवैले सैनिक खतराको पूर्णतया: मिल्दो सूची तयार गरेका छन्, तर अरु चुनौतीका विषयमा भिन्नता छ, खासगरि जर्ज डब्लु. बुस प्रशासन कालमा । प्रत्यक्ष सैनिक प्रभावको खतराका लक्षणहरू :

- *आतङ्कवाद :* ८ अक्टोबर २००४ मा संयुक्त राष्ट्र सङ्घ सुरक्षा परिषद्को निर्णय नं. १५६६ मा आतङ्कवादलाई निम्नानुसार परिभाषित गरिएको छ :

  नागरिकको विरुद्ध हत्याको उद्देश्यले वा गम्भीर शारीरिक चोटपटक, बन्दी बनाउने, जनसाधारणमा आतङ्क फैलाउने उद्देश्यले उत्तेजित बनाउने, भडकाउने वा व्यक्तिहरूको समूहमा वा व्यक्तिविशेषमा, जनसाधारणमा त्रास फैलाउने वा कुनै कार्य गर्न वा गर्नबाट रोक्न सरकार वा अन्तर्राष्ट्रिय सङ्गठनलाई विवश गराउने अपराधिक कार्य आतङ्कवाद हो ।

  इतिहासमा आतङ्क सधैं एउटा खतरा रहदैं आएको छ । तर विश्वव्यापी रुपमा अविवेकपूर्ण कट्टरपन्थीहरू रा जिहादीहरू, अलकायदा तथा यससँग सम्बन्धित समूहहरूको हत्या आदीबाट यसले नयाँ दिशा लिएको छ तापनि यो बिल्कुल नयाँ होइन । एक शताब्दी अगाडी अराजकहरूको आन्दोलनको आतङ्कले युरोप हल्लायो । असमान लडाइँको युक्ति नै नयाँ हो । नयाँ के हो भने पश्चिमी तथा संयुक्त राष्ट्र संघीय फौजले यसको सामना गर्ने असक्षमता हो । मूलत: सामुहिक प्रतिरक्षाका निमित्त प्रशिक्षित र पछि सङ्गठित पक्षहरूमा शान्ति स्थापनार्थ प्रशिक्षित बललाई अहिले जनता-जनता बीचको लडाइँको सामना गर्नुपरेको छ, जहाँ लडाइँको क्षेत्र अस्पष्ट र दिन-रात फरक भइरहन्छ । आतङ्कवादसँग लड्ने महत्वपूर्ण तत्व भनेको नागरिक वर्गको मन र दिमाग जित्ने हो जसले तिनीहरूको आतङ्ककारीहरूलाई समर्थन गर्ने विचार धरमराओस् । आतङ्कवादीसँग सामना गर्दा यो बुझ्नु पर्दछ कि आतङ्कवादी कार्य आफैमा एउटा विधि हो जसले यस पछाडीको उद्देश्य र योसँग लड्ने यसको उत्कृष्ट उपायबारे थोरै मात्र भन्दछ । तसर्थ "आतङ्कविरुद्ध लडाइँ" को

अर्थ तबसम्म अपूर्ण हुन्छ जबसम्म यसको निश्चित किसिमको प्रकृति, यसको उद्देश्य र यसलाई समर्थनको श्रोतबारे निश्चित हुँदैन ।

- *आमसंहारका हतियारहरू आणविक, रासायनिक र जैविक :* यसमा अन्तर्राष्ट्रिय समुदाय विगत ४० वर्ष देखि विभिन्न सम्झौताहरू र सन्धि, महासन्धिहरूद्वारा प्रसार सीमित गर्ने र सत्यप्रमाणीकरण गर्ने कार्य संस्थागत गर्न सक्रिय छन् । अप्रसार सन्धिले समयसमयमा पुनरावलोकन गर्ने सम्मेलनको व्यवस्था गरेको छ। हाल इरानको विरुद्ध नाकाबन्दी गर्ने आधार यसमा भएको व्यवस्थाको उल्लङ्घनका कारणबाट हो, जसले मध्यपूर्वमा निकै तनावपूर्ण स्थिति ल्याउन सक्छ । महासन्धिमा रासायनिक हतियार प्रमाणीकरण गर्ने व्यवस्था छ, तर जैविक हतियार छैन ।
- *क्षेत्रीय द्वन्द्व :* सङ्घीय गणतन्त्र युगोस्लाभियाको विघटन पछिको हिंसा वा मध्य अफ्रीकाको जातीय लडाइँ जस्तो ।
- *असफल राष्ट्र, प्रायः सङ्गठित अपराधसँग सम्बन्धित भएको :* सरकारको आफ्नै मुलुक शासन गर्ने असक्षमताले प्रायः जनजातीय सङ्घर्ष, मानव अधिकारको व्यापक उल्लङ्घन, आमनरसंहार र शरणार्थीहरूको आवागमनतर्फ उन्मुख गराउँदछ । सोमालिया सक्षम सरकारी अधिकार नभएको असफल राष्ट्रको सबैभन्दा ज्वलन्त उदाहरण हो । यसको असफलताले कहिल्यै नभएको समुद्री डकैतीलाई जन्म दिएको छ ।

  संयुक्त राष्ट्र सङ्घका पूर्व महासचिव कोफी अन्नानको प्रशंसनीय प्रयास "संरक्षण गर्ने जिम्मेवारी" परिभाषित गर्ने कार्यले एक दिन राष्ट्रिय सार्वभौमिकताको पूर्ण व्याख्यालाई हटाइ मानवीय उद्देश्यका लागि हस्तक्षेप गर्ने नयाँ वैधानिकतातर्फ उन्मुख गराउँछ, यदि कुनै ठाउँमा सार्वभौम सरकारले अपेक्षाकृत काम गर्न सकेको छैन भने अहिलेसम्म विकासशील मुलुकहरूले नयाँ किसिमको उपनिवेशवाद जन्मिने डरले उनको यस प्रयासलाई कार्यान्वयन हुनबाट रोकेको छ ।
- *साईबर युद्ध,* खासगरि इस्टोनियाको विद्युतीय प्रणालीमा आक्रमण र गुगलको विरुद्धमा चिनियाँ कार्यवाही जसलाई संयुक्त राज्य अमेरिकाका गुप्तचर निर्देशकले "जसले यस समस्यालाई गम्भीरतापूर्वक लिएका छैनन्, तिनीहरूका लागि ब्यूँझाउने घन्टी" भनेका छन् ।[१] अवरोध ज्यादै सजिलो देखिन्छ, तर

[१] डेनिस ब्लेयरलाई उद्धरण गरिएको, *फिनान्सियल टाइम्स,* ४ फरबरी २०१० ।

यसको प्रतिरक्षा गर्न गाह्रो छ । धेरै मुलुकहरूमा तथ्याङ्क भण्डारण गर्ने पुष्ट आधारको व्यवस्था छ तर सञ्चार र तथ्याङ्क सञ्चालन ज्यादै संवेदनशील अवस्थामा छन् । सैनिक क्षेत्रमा यो ग्लोबल पोजिसनिङ सिस्टममा लागू हुन्छ जुन निर्दिष्ट एकदमै ठीक ठाउँमा युद्व सामग्री पुऱ्याउन प्रयोग हुन्छ ।

- *समुद्री डकैती :* खासगरि आडेनको खाडीमा र पूर्वी सोमालियाको पानीमा र अगाडी मलक्का जल डमरु र दक्षिण चाइना सागरमा छ । समुद्री डकैतीले तेल र अन्य सामग्रीको सुरक्षित आपूर्तिलाई ठूलो चुनौती दिएको छ र यस मार्ग भएर जाने जहाजहरूको बिमा प्रिमियम उल्लेख्य रुपमा वृद्धि भएको छ ।
- *साना हल्का हतियारहरूको प्रसार* र लडाइँको अवशेषबाट हुने नोक्सानी । यो विषय संयुक्त राष्ट्र सङ्घको निःशस्त्रीकरणसम्बन्धी सम्मेलनको सूचीमा उठेको थियो ।

२००३ को युरोपेली रणनीतिले निकै चुनौतीहरू थपेको छे, जसले सैनिक साधनहरू तत्काल संलग्न गराएको छैन, तर आर्थिक सुरक्षा प्रहरी र सीमा सुरक्षा बलसँग सान्दर्भिक छन् । पछि यी कुराहरू सुरक्षा सरोकारका हुन सक्दछन् ।

- व्यवधानरहित बाटोबाट उर्जाश्रोतको आपूर्ति, पाइपलाइनबाट वा समुद्रबाट
- प्राकृतिक श्रोत वा साधनको लागि प्रतिस्पर्धा
- विश्वको कुनै भागमा जलवायु परिवर्तनका कारण खाद्यान्न तथा पानीको कमीको अवस्था
- गरिबी र विभिन्न रोगहरूको विस्तार
- गैरकानुनी आप्रवासन
- लागूऔषध तस्करी
- मानव बेचबिखन

## क्षेत्रीय सन्दर्भ

दोस्रो विश्व युद्धपछि अन्तर्राष्ट्रिय सहयोगले विभिन्न रुप लियो, जसमा कुनैकुनै बेला सुरक्षा सन्दर्भ पनि समावेश हुन्छन् । युरोप ज्यादै व्यवस्थित महाद्वीप हो जहाँ प्रायः एकअर्कामा खप्टेका विभिन्न सङ्गठनहरू छन् । नोभेम्बर १९८९ मा बर्लिन पर्खाल भत्किने बेलासम्म महाद्वीप दुई भागमा विभाजित थियो । पश्चिमी आधा भागले नाटोको छातामुनी आर्थिक एकीकरणको प्रक्रिया सुरु गऱ्यो । उल्लेख्य बलका साथ अमेरिकाको सैनिक उपस्थितिले सोभियत सङ्घ र यसको वारसा सन्धि अन्तर्गतका अनुयायी राष्ट्रहरूको बृहत् परम्परागत सामर्थ्यविरुद्ध प्रभावकारी प्रतिरोधकको काम

गऱ्यो । १९८९ पछि मध्य र पूर्वी युरोपका देशहरूले स्वतन्त्रता प्राप्त गरे र दुवै युरोपेली सङ्घ र नाटोसँग आबद्ध भए, जसले क्षेत्रको स्थायीत्वको निमित्त गैर-परम्परागत योगदान गरे । युरोपेली सङ्घमा सदस्यताको निमित्त पूर्वशर्तहरूमा कानुनको शासन, बहुलवादी प्रजातन्त्र र बजार अर्थव्यवस्था समावेश थियो । नियममा आधारित सङ्गठन प्रतिबद्धताले बहुमत मतदानको प्रक्रियामा पुगे र यसले युरोपेली सङ्घलाई स्पष्ट रुपमा अग्रगामी अन्तर्राष्ट्रिय सङ्गठन बनाएको छ । १ दिसेम्बर २००९ बाट लागू भएको लिस्बन सम्झौताले यस प्रक्रियालाई निरन्तरता दियो र आर्थिक पक्ष, व्यापार, वातावरण न्याय र आन्तरिक मामिला (युरोपेली आयोगको अग्रसरता र मन्त्री परिषद् तथा युरो पेली संसदको संयुक्त निर्णय न्यायालयद्वारा समर्पित, सङ्घभरि बराबर रुपमा लागू हुने) र परराष्ट्र मामिला, सुरक्षा र प्रतिरक्षाको क्षेत्रमा अन्तर-सरकारी सहयोगको व्यवस्था गरेको छ। युरोपेली सङ्घ र नाटोको बीचको सम्बन्ध केही संयुक्त राज्य अमेरिकाको नाटो माथिको प्रभावका कारणबाट र केही दुई सङ्गठनबीचको सदस्यताको मतभिन्नताबाट नाजुक रह्यो । युरोपव्यापी युरोपेली परिषद् परम्परा विकासगर्ने र सामाजिक मामिला कानुनबद्ध गर्ने कुरामा केन्द्रित रह्यो । यसका मानवअधिकारसम्बन्धी अदालतले सरकारको परिचालनको विरुद्धमा व्यक्तिगत उजुरी दिन पाउने अधिकार दियो । युरोपेली सुरक्षा तथा सहयोग सङ्गठनले जुन १९७५ मा फाइनल एक्ट अफ हेलेसिन्कीको अन्तर्गत थियो, युरोपमा परम्परागत बलहरूसम्बन्धी सम्झौता गर्न महत्वपूर्ण भूमिका खेलेको थियो । अर्को महत्वपूर्ण कार्य राष्ट्रिय अल्पसङ्ख्यकका लागि उच्चायुक्त र जसले सरकारहरूलाई विभेदपूर्ण नीतिबाट अलग रहनुपर्दा नेपथ्यबाट प्रेरित गरेको थियो । रुसले नयाँ प्यान-युरोपेली सुरक्षासंयन्त्रको प्रस्ताव ल्याएपछि यस सङ्गठनको भविष्य शंकाको घेराभित्र परेको छ ।

अरु महादेशहरूले आफ्नै क्षेत्रीय सङ्गठनहरू विकास गरेका छन् । जस्तै अफ्रिका सङ्घ, ल्याटिन अमेरिकामा मर्कोसर, दक्षिण-पूर्वी एसियाका मुलुकहरूको आसीयान तर त्यसमध्ये कोही पनि युरोपेली सङ्घ जस्तो संस्थागत व्यवस्थापन र बाध्यात्मक प्रतिबद्धता चरित्र भएको सङ्गठनको रुपमा पुग्न सकेका छैनन् । प्रारम्भमा आसियान आर्थिक सहकार्यमा केन्द्रित थियो, तर समस्या के भयो भने, सिङ्गापुर बाहेक संलग्न देशहरूको अर्थव्यवस्था खाद्यसामग्री र कच्चा पदार्थको निर्यातमा भर परेको थियो र ज्यादै कम परिपूरक चरित्र थियो । तिनीहरूको औद्योगिक विकासले यो अवस्था परिवर्तन हुँदैछ र स्वतन्त्र व्यापार क्षेत्र र सायद साझा बजार श्रृजना गर्नेतर्फ बढी उत्सुक बनाएको छ । पछि गएर आसियान मन्त्रीहरूले उनीहरूको बैठकहरूमा राजनैतिक विषयवस्तुहरूमा पनि छलफल गर्न सुरु गरे, तर म्यानमारलाई सङ्गठनमा समावेश गर्नाले संयुक्त अवस्था प्राप्त गर्न कठिनाइ छ । जे भएपनि "आसियान + ३",

जसमा चीन, जापान र कोरिया छन्, को भेलाले र छलफल साझेदारहरू, संयुक्त राज्य अमेरिका र युरोपेली सङ्घ, सँग अनौपचारिक सम्पर्कमा रहिरहन सहज भएको छ ।

१९९३ मा आसियानले क्षेत्रीय मञ्च श्रृजना गर्न अग्रसरता लियो, जसले सुरक्षा मुद्दाहरूलाई सम्बोधन गर्दछ र आज यसमा क्षेत्रभन्दा बाहिरका संयुक्त राज्य अमेरिका, रुस र युरोपेली सङ्घ लगायत २७ सदस्यहरू छन् । यसका उद्देश्य दुई छन् :

१. साझा हित र सरोकारका राजनैतिक र सुरक्षा मुद्दाहरूमा रचनात्मक वार्ता र परामर्श
२. एसिया प्यासीफिक क्षेत्रमा विश्वासनिर्माण र निरोधात्मक कुटनीतिको प्रयासमा महत्वपूर्ण योगदान

वार्षिक मन्त्रीस्तरीय बैठकको अतिरिक्त, उच्चस्तरीय पदाधिकारी, "विज्ञ र प्रबुद्ध व्यक्तिहरू", शान्तिस्थापना विज्ञहरू र अन्तर-सत्र सहयोग समूह विश्वासको वातावरण निर्माणका उपायहरू र निरोधात्मक कुटनीतिक सम्बन्धमा निरन्तर कार्य गरिरहन्छन्, साथै प्रकोप उद्धार, प्रतिआतङ्कवाद र सङ्क्रमणकालीन अपराध सम्बन्धमा पनि कार्य गर्दछन् । आसियान क्षेत्रीय मञ्चको अध्यक्षता आसियान स्थायी समितिको पालैपालो हुने अध्यक्षले गर्दछ । सहभागिताको पूर्वशर्तसम्बन्धी एउटा रोचक कुरा क्रमिक रुपमा सहभागिता गराउने प्रावधान हो, जसअनुसार मञ्चको प्रभावकारिता सुनिश्चित गर्न सहभागीहरूको सङ्ख्या व्यवस्थित स्तरमा नियन्त्रण गर्न प्रयास गर्नुपर्दछ । वास्तवमा २७ को सङ्ख्या ठूलो भएको छ, जुन युरोपेली सङ्घ जतिकै ठूलो छ, तापनि त्यहाँ संस्थागत संरचना कसिलो छ र अन्तर-सरकारी सम्मेलनभन्दा ठूलो छ ।

दक्षिण एसिया क्षेत्रीय सहयोग सङ्गठन (सार्क)मा भारत सबैभन्दा ठूलो राष्ट्र हो र यसले महत्वपूर्ण भूमिका खेल्दछ । सन् १९८३ मा नयाँ दिल्लीमा सङ्गठनको सुरुआत गरियो, जसको बडापत्रमा यसको उद्देश्य मुख्यतयाः आर्थिक र सामाजिक क्षेत्रमा तथा साझा हितका सवालहरूमा आपसी विश्वास र सहयोग समावेश उल्लेख थियो ।

- दक्षिण एसियाका जनताको भलाइ तथा जीवन स्तरमा सुधार ल्याउने
- क्षेत्रमा आर्थिक वृद्धिलाई, सामाजिक प्रगति र सांस्कृतिक विकासलाई गति दिने र सबै व्यक्तिलाई सम्मानका साथ जीविकोपार्जन गर्ने र पूर्ण क्षमता हासिल गर्ने अवसर प्रदान गर्ने
- दक्षिण एसियाली मुलुकहरूमा सामुहिक आत्मनिर्भरता अभिवृद्धि गर्ने तथा सुदृढ बनाउन
- आपसी विश्वास र सद्भावमा योगदान पुऱ्याउने र एकअर्काको समस्यालाई आत्मसात गर्ने

- आर्थिक, सामाजिक, सांस्कृतिक, प्राविधिक र वैज्ञानिक क्षेत्रमा सक्रिय सहकार्य अभिवृद्धि गर्ने
- अन्य विकासशील मुलुकहरूसँग सहकार्य मजबुत पार्ने
- साझा हितका विषयमा अन्तर्राष्ट्रिय मञ्चमा एकआपसमा सहकार्य बलियो बनाउन
- समान उद्देश्य र अवधारणा भएका अन्तर्राष्ट्रिय र क्षेत्रीय सङ्गठनहरूसँग सहकार्य गर्ने

यसका साथै नौ विधामा एकीकृत कार्ययोजना प्रारम्भ गरियो : कृषि, ग्रामीण विकास, दुरसञ्चार, मौसम विज्ञान, स्वास्थ्य र जनसङ्ख्या, यातायात, हुलाक सेवा, विज्ञान तथा प्रविधि, खेलकुद, कला र संस्कृति ।

यस बडापत्रलाई औपचारिक रुपमा ८ डिसेम्बर १९८५ मा बंगलादेश, भुटान, भारत, मालदिभ्स, नेपाल, पाकिस्तान र श्रीलङ्काका राष्ट्रप्रमुख वा सरकार प्रमुखहरूले अनुमोदन गरे । भारतको अग्रसरतामा २००५ मा अफगानिस्तान थपियो । सजिलैसँग पर्यवेक्षकहरू प्रवेश गराइए, जसको सुरुआतमा संयुक्त राज्य अमेरिका, युरोपेली सङ्घ, दक्षिण कोरिया र पछि अष्ट्रेलिया, चीन, इरान, जापान, मारिसस र म्यानमार । चीनको पूर्ण सदस्यता पाकिस्तानद्वारा र म्यानमारको भारतद्वारा समर्थित छ । रुसको पर्यवेक्षक हैसियतका लागि भारत र इण्डोनेसियाका लागि श्रीलङ्काले समर्थन गरेका छन्, तर निर्णय हुन बाँकी नै छ । जनवरी १९८७ मा काठमाडौंमा स्थायीरुपमा सार्क सचिवालय स्थापना भयो, जसमा तीन-वर्षे कार्यकालका लागि मन्त्री परिषद्बाट महासचिव नियुक्त हुन्छन् ।

सुरुमा स्वतन्त्र व्यापार सम्झौताका लागि त्यति उत्साह नदेखिएपनि १९९५ मा “अग्राधिकार व्यापार सहमति” समान आधारमा आपसी लाभ र चरणबद्ध कर सुधारका आधारमा गर्नेतर्फ प्रगति भयो । २००४ मा दक्षिण एसिया स्वतन्त्र व्यापार सन्दर्भमा सहमतिमा पुगे र २०१२ सम्म सून्य करको लक्ष्य राखियो (तीन वर्ष पछि नेपाल लगायत चार कम विकसित मुलुकका लागि) ।

सार्कको आर्थिक एकीकरणमा निकै ढिलाईका कारण आलोचना हुनेगरेको छ, तर वास्तवमा राजनैतिक जटिलता छ । आर्थिक र राजनैतिक सवाललाई बढी राजनैतिक समस्याबाट जस्तै कश्मीर समस्या, श्रीलङ्काको गृह युद्धबाट अलग गर्न प्रयत्न गरियो, तर यो पूर्णतया: असम्भव थियो । जे भए पनि भारत र पाकिस्तानले स्वतन्त्र व्यापार सहमति अहिलेसम्म अनुमोदन गरेका छैनन् । थोरैमध्ये एउटा ठोस परिणाम भने दक्षिण एसियाली विश्वविद्यालय भएको छ ।

सोभियत सङ्घको विघटन पछि रुसले पहिलेका सोभियत गणतन्त्रहरूलाई कमनवेल्थ अफ इन्डीपेन्डेन्ट स्टेटमा राख्ने प्रयत्न गरे, तर सीमित सफलता मात्र पाए । नयाँ स्वतन्त्र राष्ट्रहरू पुनः मस्को वृत्तमा फर्कन चाहेनन् । यसैगरि नाटोको प्रतिकृति जस्तै सामुहिक प्रतिरक्षाको प्रत्याभूति सहित सामुहिक सुरक्षा सम्झौता सङ्गठन (CSTO)को प्रयास यस्तै भयो । उनीहरूले सांघाई सहकार्य परिषद्को निर्माणलाई बरु संतुष्टीका साथ लिए, जसमा चीन र रुस दुवै छन्, त्यसकारण दुवै ठूला छिमेकी राष्ट्रको प्रभुत्वमा रहनुपर्ने कम खतरा महसुस गरे । सुरुमा सांघाइ सहकार्य परिषद्ले नाटो र संयुक्त राज्य अमेरिकालाई सम्बन्धित देशबाट पछि हट्ने समयसीमा तोक्न आह्वान गरेबाट पश्चिमप्रति पूर्वाग्रही देखियो, तर आतङ्कवादप्रति उनीहरूको चासोले गर्दा यो उछिन्नीयो । मध्य एसियाली गणतन्त्रको मूलतः सुरक्षा चासो आफ्नै आन्तरिक चुनौतीविरुद्ध आफ्नै सत्ताको स्थायित्व स्थापित गर्ने रह्यो, जसम छिमेकी राष्ट्रहरूको समर्थन हुन पनि सक्दथ्यो । तसर्थ, आतङ्कवाद, विखण्डनवाद र कट्टरवादका “३ दुष्कृति”का अवधारणाका कारण तिनीहरूलाई २००१ मा सांघाई सम्मेलन र २००५ मा तासकन्तमा मुख्यालय रहने गरि क्षेत्रीय प्रतिआतङ्ककारी संरचना श्रृजना गर्न प्रोत्साहित गर्‍यो । सांघाइ सहकार्य परिषद्ले वाणिज्य परिषद् र अन्तर-बैङ्क सङ्गठन र उर्जा क्लब स्थापना गरि आर्थिक सहकार्यलाई बढावा दियो । अण्डीजान, टोरुगार्ड र कसगर बीचमा रेल्वेसम्बन्धी पूर्वाधार योजना बन्यो । चीनको स्वतन्त्र व्यापार क्षेत्र स्थापना गर्ने इच्छाको अन्य सदस्य राष्ट्रहरूले प्रतिरोध गरे । रुस बाहेक यसमा कजाकस्तान, किर्गिस्तान, ताजिकिस्तान र उजबेकिस्तान संलग्न छन् । पर्यवेक्षकमा मंगोलिया, भारत, पाकिस्तान र इरान छन् ।

## क्षेत्रीय सहकार्यको भावी दृष्टिकोण

बहुपक्षीय समूहहरूको प्रादुर्भावले दोहोरीकरण र एकअर्का माथि खप्टीने संस्थाहरूलाई छल्न क्षेत्रीय सुरक्षा संरचनासामु प्रारुप पुनःतयार गर्ने प्रश्न खडा गर्‍यो । त्यस्तै प्रश्न युरोपमा उठी रहेको छ । एसिया प्रशान्त क्षेत्रमा २००८ मा अष्ट्रेलियन प्रधानमन्त्री केभिन रुडले सुरक्षा, आर्थिक र राजनैतिक चुनौतीहरूलाई सामना गर्न सक्षम होस् भन्ने हेतुले एसिया प्रशान्त समुदाय (Asia Pacific Community) नामक एक्लो सङ्गठन २०२० सम्म स्थापना गर्नु पर्ने कुरा अगाडी सारि ठूलो फड्को मारे । उनले चीन, भारत, जापान, अमेरिकाबीचको सम्बन्धका लागि प्रभावकारी व्यवस्थापन हुनुपर्ने कुरामा जोड दिए । अगाडीका दुई शक्तिहरूको बढ्दो उदयले सम्भावित खतरनाक रणनैतिक विरोधाभास रोक्न, “रणनैतिक धक्का तथा क्रमभंगता”सँग सामना गर्न संयन्त्रको आवश्यकतामा जोड दिए । अन्तर्राष्ट्रिय रणनैतिक अध्ययन संस्थाको २००९ को

रणनैतिक सर्वेक्षण अनुसार एसिया प्रशान्त समुदायको प्रस्ताव क्षेत्रीयताबाट बृहत् बहुध्रुवीय शक्तिको सहमतितर्फ रुपान्तरण हुने व्यवस्था गर्ने प्रारम्भिक सुरुआत हो ।"[२]

यस प्रस्तावले मिश्रित प्रतिक्रिया पायो, खासगरि सहमतिमा संलग्न नभएका मुलुकहरूबाट, जस्तै आसियानका सदस्य राष्ट्रहरू धेरैजस्तो एसियाका नेताहरूको झुकाव कल्पना नगरिएको परिणामको प्रारुपभन्दा उत्तर-उत्तर अभिवृद्धितर्फ रह्यो । आसियानको विचारले अगाडी निकै नाजुक र कहिलेकाहीँ मुठभेटको स्थितिमा समेत पुग्ने सदस्य राष्ट्रहरूको बीचमा शान्तिपूर्ण सम्बन्ध कायम राख्न र बलियो बनाउन मदत गऱ्यो । यो कुरा आन्तरिक कुरामा हस्तक्षेप नगर्ने र एकअर्काको सार्वभौमिकताको सम्मान गर्ने सिद्धान्तलाई विशेष जोड दिइगरियो । समय-समयमा हुने मंन्त्रीहरू उच्च अधिकारीहरूको द्विपक्षीय बैठकको ज्यादै महत्वपूर्ण असर रह्यो र यसले सीमावर्ती इलाकामा हुने झडप हुन नदिने काम गऱ्यो, जस्तै थाईल्याण्ड र कम्बोडियाको सीमावर्ती झडप ।

## चिनियाँ दृष्टिकोण

२० जनवरी २००९ मा जनगणतन्त्र चीनले आफ्नो छैठौं स्वेतपत्र[३] जारी गऱ्यो । जसमा २००८ मा चीनको राष्ट्रिय प्रतिरक्षा उल्लेख थियो । सुरक्षा अवस्था सुधार भएको खासगरि ताइवान समुद्री तह साथै चीनको बाह्य सुरक्षा वातावरणमा अनिश्चतता र अस्थीरताका बढ्दो असरको कारकतत्वबारे पनि उल्लेख छ । स्वेतपत्रमा राष्ट्रिय प्रतिरक्षा नीतिले सबैभन्दामाथि राष्ट्रिय सार्वभौमिकता, सुरक्षा, क्षेत्रीय अखण्डता र राष्ट्रिय विकासको स्वार्थको सुरक्षण गरेको छ ।

स्वेतपत्रको दोश्रो भागमा राष्ट्रिय प्रतिरक्षा नीतिको तत्वहरूमा चीनको राष्ट्रिय प्रतिरक्षा र सशस्त्र फौजको समन्वयात्मक र स्थायी विकास, सशस्त्र फौजको गुणात्मक सुधारलाई अगाडी सार्दै, सक्रिय प्रतिरक्षाको सैनिक रणनीति कार्यान्वयन, आत्मरक्षाको

---

[२] आइ.आइ.एस.एस. रणनैतिक सर्वेक्षण २००९ पृ. ७१. यस अङ्कमा "एक नयाँ एसियाली सुरक्षा निमार्णतिर" (पृ. ६४-७३), भन्ने रोचक खण्ड छ ।

[३] हेनुर्स अन्तर्राष्ट्रिय रणनैतिक अध्ययनहरू, २००९, अङ्क ३, श्रृङ्खला नं. ९३, अन्तर्राष्ट्रिय रणनैतिक अध्ययनसम्बन्धी चिनियाँ संस्थाको पत्रिका, बेइजिङ्ग । पृ. १-५ मा "बृहत् सुरक्षासम्बन्धी चिनियाँ दृष्टिकोण" र पृ. ६२-६७ मा २००८ मा चीनको राष्ट्रिय प्रतिरक्षा स्वेतपत्रको अवलोकन" ।

आणविक रणनीति र चीनको शान्तिपूर्ण विकासका लागि सहज सुरक्षा वातावरणको निकास उल्लेख छ । चीन कहिल्यै पनि अधिपत्य चाहदैँन र सैनिक विस्तारमा संलग्न हुँदैन ।

तेश्रो भागमा नयाँ समयावधीका लागि, सैनिक रणनीति कार्यान्वयनका लागि रणनैतिक मार्गदर्शन परिभाषित गरिएको छ । यसका मुख्य पक्षमा, प्रतिरक्षा कार्यवाहीका मुख्य लक्षणमा जोड, आत्मसुरक्षा र शत्रुले रणनैतिक रुपबाट प्रहार गरेपछि मात्र प्रहार गर्ने कार्यमा सीप अभिवृद्धि, लडाइँ र सङ्कटसँग जुझ्नमा जोड, सूचनामा भर पर्ने अवस्थामा स्थानीय लडाइँ जित्ने प्राथमिकता, विभिन्न सुरक्षा खतरालाई प्रतिकार गर्ने क्षमता अभिवृद्धि गर्ने, विविध सैनिक कार्य सम्पन्न गर्ने, जनयुद्धको धारणालाई अघि बढाउँदै अनुसरण गर्ने हो । सैनिक संरचनाले राष्ट्रिय सुरक्षा र आर्थिक विकासलाई संतुलित गर्ने कार्य गर्नुपर्दछ । आणविक रणनीतिमा स्वेतपत्रले चीन पहिले आणविक हतियार प्रयो ग नगर्ने नीतिमा प्रतिबद्ध रहने र आत्मप्रतिरक्षाको आणविक रणनीति अवलम्बन गर्नेछ र कहिल्यै पनि आणविक हतियार बढाउन अरु देशसँगको दौडमा संलग्न हुने छैन ।

निश्चित रुपले यी भनाइ सामान्य प्रकृतिका छन्, तर तिनीहरू पश्चिमा रणनैतिक विचारसँग अमिल्दा छैनन् । "सूचनामा भरपर्ने सिद्धान्त" सैनिक मामिलामा क्रान्तिसँग मिल्दोजुल्दो छ र केही समय अघिसम्म अमेरिकी नीतिमा हाबी थियो । साथै, आर्थिक अवस्था र प्रतिरक्षाका लागि उपलब्ध बजेटसँगको सम्बन्ध अरु मुलुकसँग मिल्दो छ । स्वेतपत्रले यस बुँदालाई चीन अरुलाई धम्काउने क्षमता राख्दैन भन्ने कुरालाई एक कदम अगाडी सारेको छ । सरदर प्रतिरक्षा खर्चमा वार्षिक वृद्धि (१९७८/८७ मा ३.५५, १९८८/९७ मा १४.५५ र १९९८-२००७ मा १५.९५) वार्षिक आर्थिक वृद्धि दर भन्दा धेरै कम छ (१९९८-२००७ मा १२.५५) । चिनियाँ सशस्त्र बलको आधुनिकीकरण अपेक्षाकृत न्यून छ र अझै अर्धयान्त्रिक दोश्रो पुस्ताका हतियारहरू छन् । बाहिरी विश्वलाई कुनै देशको तर्फबाट खतरा छ छैन भन्ने सम्बन्धमा स्वेतपत्र अनुसार यसलाई दुईवटा तत्वबाट लेखाजोखा गर्न सकिन्छ : रणनैतिक ध्येय र सैनिक क्षमता । चीन अरुलाई तर्साउने रणनैतिक ध्येय राख्दैन । तर यो तर्क फेरिन सक्छ । नाटो के भन्छ भने ध्येय परिवर्तन हुन सक्दछ, तर क्षमता सुरक्षा बलको सम्बन्ध पछिसम्म कायम रहने तत्व रहन सक्छ ।

जे भएपनि यो हेर्न बाँकी छ कि यी भनाइहरूले चीनका छिमेकीहरूलाई कतिको आश्वस्त बनाउँदछ, किनभने चीनको सैनिक सामर्थ्य पर्याप्त रुपले बढीरहेको छ । यसले प्रायसः छिमेकीहरूसँग सीमा तय गरिसकेको छ, हालै आमुर क्षेत्रमा रुससँग पनि । अपवादमा भारतसँगको सीमा छ, जहाँ १९६२ मा छोटो लडाइँ भैसकेको छ,

भुटानसँग लामो वार्ता जारी नै छ। चीन र भारतले सीमा विवादलाई पन्छाएर आर्थिक सम्बन्ध बढाउन कोसिस गरेका छन् व्यवहारमा यो कठिन साबित भयो । संतुलन मिलाउन खोज्दा यो चीनको निमित्त फाइदाजनक देखिन्छ, जसले भारतसँग अरु समस्या हुँदा यसले सीमामा दबाब बढाउँदछ।

व्यापक सुरक्षा सम्बन्धमा चिनियाँ दृष्टिकोण परम्परागत सुरक्षा खतरा र उद्भव भइरहेको गैर-परम्परागत सुरक्षा खतरा बीचको अन्तर छ । परम्परागत खतरालाई उपेक्षा गर्न सकिदैन ।

पहिलो कुरा, विश्वका विभिन्न ठाउँमा स्थानीय लडाइँ र सशस्त्र द्वन्द्व सङ्ख्यात्मक रुपमा माथि रहने, इलाकामा केन्द्रित हुने तर कारणमा विविधता प्रकृतिको देखा परेको छ ।

दोश्रो, संसारका मुख्य देशहरूले सैनिक मामिलामा स्थिर समायोजनका साथै सूचना केन्द्रीत क्रान्तितर्फ फड्को मारेका छन् ।

तेश्रो, आणविक मुद्दाले गम्भीर समस्या अगाडी ल्याएको छ ।

इन्टरनेसनल स्ट्राटेजिक स्टडिजका लेखकले चिनियाँ स्थितिको यसरी निचोड निकाल्नु भएको छ ।

चीन स्वतन्त्र विदेश नीति अङ्गिकार गर्दछ । हामीले मातृभूमिको पूर्ण एकीकरण प्राप्त गरेका छैनौं, हामी विखण्डनवाद र विध्वंसकारी गतिविधिको समस्या भोगी रहेका छौं र हामीले सुरक्षासम्बन्धी धारणा व्यापक बनाउनु पर्दछ, परम्परागत सुरक्षा समस्यालाई नजरअन्दाज नगरिकन ।

उनले गैर-परम्परागत समस्यालाई यसरी तालिकाबद्ध गरेका छन् :

१. आर्थिक सङ्कटको द्रूत गतिमा विस्तार
२. प्रतिआतङ्ककारी अभियानले दुरुवस्था सामना गर्नु परिरहेको
३. अन्तर्राष्ट्रिय तेल मूल्यमा उतारचढावले उर्जा सुरक्षा ज्यादै दबाबयुक्त भएको
४. अन्तर्राष्ट्रिय खाद्यान्न मूल्यमा उतारचढावले खाद्यसुरक्षा मुख्य रुपमा अगाडी आएको
५. जलवायु परिवर्तन, सूचनाको सुरक्षा, जनस्वास्थ्य सुरक्षा पनि बढ्दो रुपमा महसुस गरिएको

उनको सारांश के थियो भने व्यापक सुरक्षा दृष्टिकोणको मार्गदर्शनमा सेनाले लडाइँ बाहेक गैर- पारम्परिक सुरक्षा खतरासँग सामना गर्ने क्षमताको विकास गर्नुपर्दछ ।

यसका धेरै उदाहरणहरू दिइएका छन्, जस्तै सिचुवान प्रान्तमा २००८ को भूकम्प प्रकोप उद्धार र सहयोग, बेइजिङ ओलम्पिकमा अधिकारी र जवानहरूले सुरक्षा कार्यमा दिएको योगदान, अन्तर्राष्ट्रिय शान्ति स्थापनार्थ चिनियाँ सैनिकको क्रियाशील सहभागिता (२००९ मा १९५२ सङ्ख्यामा), पिस मिसन २००५ मा भ्लादिभोस्तक । साङदेन इलाकामा रुसका साथ अन्तर्राष्ट्रिय प्रतिआतङ्ककारी अभ्यास र पिस मिसन २००७ मा सांघाइ सहकार्य सङ्गठनका साथ चेली विङ्कस । जिङयाङ इलाकामा संयुक्त अभ्यास तथा २०10 मा प्रायोजित हुने कजाकस्तानमा संयुक्त अभ्यास । जलसेना क्षेत्रमा समुद्री डकैती विरुद्ध सहयोग गर्न चीनले समुद्रमा जहाज पठाएको थियो ।

चिनियाँ विद्वानहरूले साना राज्यको भूमिका नजरअन्दाज गर्दै द्विपक्षीय सम्बन्ध कायम राख्न त्रिकोणीय चीन-रुस र संयुक्त राज्य अमेरिकाबारे धेरै ध्यान दिए । प्रभुत्वशाली शक्तिको रुपमा विश्वको नेतृत्व गर्ने प्रतिस्पर्धी रोक्ने अमेरिकी महत्वाकांक्षा राष्ट्रपति जर्ज डब्लु. बुसले आफ्नो नीतिमा आसय व्यक्त गरेबमोजिम र उनको एकतर्फी हकपूर्ण अभिव्यक्तिप्रति चिनियाँहरूले आपत्ति जनाए । यो हेर्न बाँकी छ कि राष्ट्रपति ओबामाको "बहुसाझेदार विश्व"ले यो त्रिकोणीय सम्बन्धलाइ व्यवहारमा कतिको सरल बनाउँदछ ।

एसियातिर रणनैतिक तस्वीर बढी जटिल छ । भारत चीनभन्दा रुससँग नजिक छ र पाकिस्तानसँग विपक्षी सम्बन्ध छ, जसले विगतमा चीनबाट समर्थन पायो । संयुक्त राज्य अमेरिका ताइवान र जापानको रणनैतिक संरक्षणकर्ता छ । हालै ताइवानलाई अमेरिकी हतियारको आपूर्तिले बेइजिङ्गलाई संयुक्त राज्य अमेरिकाको प्रतिरक्षा कम्पनी विरुद्ध पाइला चाल्न अगाडी बढायो । जापानले भविष्यमा चीनको आर्थिक बाहुल्यतालाई स्वीकार गर्न जरुरी छ । दक्षिण कोरिया र जापान बीचको सम्बन्ध सधैं कठिन रहेको छ । तिनीहरू सबैलाई आतङ्कवादसँग लड्नु साझा सवाल हुन्छ, तर सुरक्षा सहकार्यमा पुग्न त्यति आशाजनक देखिदैन ।

## भारतको सुरक्षा सिद्धान्त

१९८८ मा भारतीय प्रधानमन्त्री राजीव गाँधीको चीन भ्रमणपछि भारत र चीनको सम्बन्धमा क्रमशः सुधार भयो । तर हाल आएर पुनः बिग्रियो । हालै, दलाइ लामाको तवाङ गुम्बाको भ्रमणले, जुन तिब्बतले आफ्नो भनि दाबी गर्छ, ले तातायो । धेरै वर्षदेखि चीनले भारतको अरुणाचल प्रदेशको सम्पूर्ण इलाकालाई (पहिले, उत्तर-पूर्वी फ्रन्टीयर एजेन्सी) आफ्नो भनी दाबी गरिरहेको छ, जसले गर्दा एउटा समझदारीमा पुग्न ज्यादै कठिनाइ उत्पन्न गरेकोछ । पहिले अक्साइ चीनलाई भारतले दाबी गरेको,

तर चिनियाँहरूले भोग गरेको इलाका छोडिदिने र चीनले भारतीय भूमिको पूर्वीय भाग छोडिदिने सम्भावना देखिएको हो, तर यो भारतीय जनभावनाले स्वीकार गर्न गाह्रो हुन्छ । चीनप्रति भारतका उद्देश्यहरू दुई-तहीय र सरल छ :[४]

- चिनियाँहरूको भूभागप्रतिको दाबी लागू गर्ने प्रलोभन निरुत्साहित गर्न र १९६२ दोहोरिन नदिन पर्याप्त स्तरमा परम्परागत सैनिक क्षमता कसरी कायम गर्ने ? यो कार्य सीमामा पर्याप्त बल संरचना गरेर र तत्काल थप बल पुऱ्याउन बाटो निर्माण गरेर गरिएको छ । १९६८ मा सीमा सुरक्षा बल ऐन गैर-कानुनी प्रवेश रोक्न र सीमावर्ती अपराध रोक्न लागू भयो । सीमा सुरक्षा बल भारतीय सेनाको पूरक बल हो र लडाइँको समयमा सेनाकै कमाण्डमा आउँछ । यसमा १५७ पैदल गण (infantry battalion) र २० शास्त्रास्त्र गण (artillery battalion) छन् ।
- कसरी चीनविरुद्ध विश्वसनीय आणविक प्रतिरोधक स्थिति कायम गर्ने ।
- भारतको पाकिस्तानसँग सम्बन्धित उद्देश्य बहुआयामी र बढी जटील छ ।
- अर्को लडाइँ विस्तार हुन नदिने गरि पाकिस्तानको परोक्ष लडाइँलाई कसरी प्रतिकारात्मक नियन्त्रित जवाफ दिने ।
- मुम्बइमा ताजमहल होटलमा भएको हमला जस्तो भारतीय जनतालाई तर्साउने पाकिस्तानको प्रयासलाइ कसरी निस्प्रभावित गर्ने ।
- चीनसँगको कुनै युद्ध भारतीय क्षेत्रमा लडिन्छ, जबकि पाकिस्तानसँगको लडाइँ पाकिस्तानी क्षेत्रमा । परम्परागत भारतीय श्रेष्ठताका कारण पाकिस्तानी सैनिकबीचमा त्रसित प्रतिक्रिया कसरी हटाउने ।
- अन्तर्राष्ट्रिय हस्तक्षेप हुनुभन्दा अगाडी कुनै कार्यवाहीमा चाडो सफलता कसरी प्राप्त गर्ने ।

भारतको दुई अग्रभाग लडाइँको चुनौती सामना गर्ने सिद्धान्त पुनरावलोकन सम्बन्धमा चीनको प्रतिक्रियामा पाकिस्तान होइन चीन मुख्य निसाना रहेको देखियो, जसले सीमित सीमा लडाइँको सम्भावना देखाएको छ । संयुक्त राज्य अमेरिकासँग सुधार भएको भारतको सम्बन्ध सायद हिमालपारी यस किसिमको चिसोपनासँग सम्बन्धित छ जसको असर छिमेकी राष्ट्रहरूमा पर्दछ ।

भारत र चीन दुवै सैनिक आधुनिकीकरण, विशेषतः लडाकु विमान र मध्यम दूरीको मिसाइल क्षेत्र सुधार गर्ने कार्यमा छन् । साझेदारीका धेरै कुराहरू खाक्रा छन् र प्रगति

---

[४] भारतको सिद्धान्तसम्बन्धी अनुच्छेद ११ जनवरी २००३ को एसिया टाइम्स अनलाइनमा उल्लखित बि. रमणको टिप्पणीबाट उद्धरण गरिएको हो ।

ज्यादै सुस्त छ, तापनि नेताहरूबीच व्यक्तिगत सम्पर्कको बढ्दो अवसरले आफ्नो सामर्थ्यभित्रको प्रभावको प्रयास गर्नेछन् जसले स्थिति बढी गम्भीर हुने प्रक्रियालाइ रोक्दछ । विवादास्पद विषयवस्तुलाई पन्छाएर सहकार्यको सम्भावनाहरूलाई केन्द्रित गर्ने आसियानको तरीका बढी उपयोगी हुन सक्दछ, तर यसको पनि आफ्नै सीमाहरू छन् ।

## बृहत् दृष्टिकोण

१९८९ भन्दा पहिले सुरक्षा अवधारणा प्रायः सैनिक चरित्रको गोप्य दस्तावेज हुने गर्थ्यो । नाटोको अवधारणाहरू सैनिक समितिद्वारा तयार पारिन्थ्यो । आजकल यो राजनैतिक दस्तावेज हो जसले विस्तृत अर्थमा सुरक्षा क्षेत्रको बृहत् दृष्टिकोण लिएको हुन्छ। कहिलेकाहीँ यो यति साधारण र दार्शनिकस्वरुपको हुन्छ कि यसले सैनिक बलको योजना र सङ्गठनलाई कमै निर्देश गर्छ। अनिश्चितता र द्रूततर परिवर्तनको विचारले लचकता र गतिशीलता तथा सशस्त्र बलको बहुआयामिक कार्यतर्फ जोड दिन्छ र हामीले तय गर्नुपर्ने अवधारणाको प्राथमिकताबारे कमै उल्लेख हुन्छ। यसले सजिलैसँग हामीसँग जे छ त्यसैलाई राख्ने आवधारणातर्फ उन्मुख गर्दछ र सुरक्षा बललाई आउने समयका लागि उत्तम बल संरचना गर्ने स्पष्ट सोच बिना अतिरिक्त बोझ थपिन्छ । धेरैजसो पुनःसंरचना गर्ने कार्यक्रमहरू प्राथमिकताभन्दा भावी पुस्ताहरूमा आधारित हुन्छ, जसले नयाँ आवश्यकतातर्फ पर्याप्त ध्यान नदिन कम वेदना महसुस हुने कार्य कटौती गर्नेतर्फ उन्मुख हुन्छ ।

अगाडी हामीले यो आलेखमा परराष्ट्र मन्त्रालय, रक्षा मन्त्रालय र अर्थ मन्त्रालयले रणनैतिक अवधारणा मस्यौदा गर्दा चाहिने महत्वपूर्ण सन्दर्भसामग्रीहरूबारे उल्लेख गर्‍यौं। तर यसको यो अर्थ होइन कि त्यसमध्ये कुनै एकले प्रक्रियामा मुख्य भूमिका खेल्ने होस्। पर्याप्त मात्रमा विभिन्न किसिमका सदस्यहरू र सक्षम सचिवालय भएको राष्ट्रिय सुरक्षा परिषद् भएको मुलुकमा (सम्भवतयाः राष्ट्रिय सुरक्षा सल्लाहकारको निर्देशनमा) समन्वयकारी काम तिनीहरूलाइ दिन सकिन्छ।[५] विकल्पमा अन्तर-मन्त्रीस्तरीय तदर्थ समिति गठन गर्न सकिन्छ, तर यसमा स्थायी सचिवालयको जस्तो फाइदा नहुन सक्छ र प्रगतिको अनुगमनमा निरन्तरताको कमी हुन्छ ।

[५] नेपालको संविधान १९९० ले एउटा सुरक्षा परिषद्को प्रावधान राखेके थियो जसमा प्रधानमन्त्री, परराष्ट्र मामिला र रक्षा र प्रधानसेनापति र उनका सहायक सम्मिलित रहेका छन् र यसलाई नेपाली सेनाको परिचालन, सञ्चालन र प्रयोगबारे मन्त्रीपरिषद्लाई सल्लाहसुझाव दिने सीमित अधिकार छ ।

जुन देशमा राष्ट्रपतिले नीतिनिर्माणमा गहन भूमिका खेलेको हुन्छ, मस्यौदा प्रक्रियामा निम्न व्यक्तिहरूलाई सम्मिलित गराउनु पर्दछ ।

- राष्ट्रपति
- प्रधानमन्त्री
- परराष्ट्रमन्त्री
- रक्षामन्त्री
- कानुन तथा न्यायमन्त्री
- आन्तरिक मामिलासम्बन्धी मन्त्री
- प्रहरीसेवा मन्त्री (यदि आन्तरिक मामिलासम्बन्धी मन्त्रीले हेर्दैन भने)

निम्नानुसार अधिकृत र उच्च निजामती कर्मचारीहरू :

- रक्षा मन्त्रालयको महासचिव
- चिफ अफ डिफेन्स स्टाफ / चिफ अफ जनरल स्टाफ
- थलसेना, जलसेना र वायुसेना प्रमुख
- प्रहरी प्रमुख
- परराष्ट्र मन्त्रालयको राजनैतिकसम्बन्धी महानिर्देशक
- परिस्थिति केन्द्रको निर्देशक
- गुप्तचर सेवाका प्रमुख
- राष्ट्रिय सुरक्षा परिषद्को सचिव

राष्ट्रिय सुरक्षा परिषद्को सामान्यतयः हुने संरचनाको तुलनामा यो सूची केही ठूलो छ । मस्यौदा प्रक्रियामा सबै व्यक्तिहरू सबै बेला सहभागी हुन जरुरी छैन, तर तिनीहरू प्रगतिबारे सचेत हुनुपर्दछ र आफ्नो राय दिन सक्षम हुनुपर्दछ । व्यवहारमा खास लेखन कार्य सानो समूहबाट हुन्छ जसले आफ्नो प्रमुखहरूलाई नियमित प्रतिवेदन दिइरहन्छन् । अवधारणाको निर्णय राष्ट्रिय सुरक्षा परिषद्को पूर्ण बैठकमा हुनुपर्दछ जसलाई मन्त्री परिषद्ले स्वीकृति दिनुपर्दछ र राष्ट्रपति/प्रधानमन्त्रीले जारी गर्नुपर्दछ ।

व्यक्तिगत योगदानको संरचना सम्बन्धित मन्त्रालयहरूमा वस्तुगत रुपमा गृहकार्य गरि युक्तिसंगत प्रत्युत्तरको रुपमा आउनु पर्दछ । सबै मन्त्रालयहरूको विभिन्न निर्देशनालयहरूमा निर्दिष्ट कार्यको आधारमा विरोधाभाषपूर्ण तर्कहरू खेलिरहेका हुन्छन् । एकआपसको असमझदारी हटाउन आन्तरिक समन्वय अत्यन्त महत्वपूर्ण हुन्छ, उदाहरणार्थ नयाँ साधन र तालिमप्राप्त जनशक्तिको उपलब्धता र पूर्वाधार । सरकारी विभागहरू कतिको व्यवस्थित छन् भन्ने कुरामा धेरै भर पर्दछ । यदि रक्षा मन्त्रालय नयाँ भर्ना, संसाधनहरूको प्राप्ति र कानुनी विषयमा मात्र केन्द्रित भयो भने

खतरा र भावी आवश्यकताको विश्लेषण गर्ने कार्य प्रतिरक्षा प्रमुखले गर्नपर्ने हुन्छ । यदि मन्त्रालयमा नीतिसम्बन्धी विभाग छ भने, मस्यौदा गर्न यसले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। अन्तर्राष्ट्रिय अवस्थाको मूल्याङ्कन प्रमुख रुपमा परराष्ट्र मन्त्रालयले गर्दछ, तर यो गुप्तचर सेवा संस्थाहरूसँग निकटतम सम्पर्कमा रहनु पर्दछ । यदि छ भने विश्लेषकहरू वा अन्तर्राष्ट्रिय सम्बन्धसम्बन्धी संस्थाहरूसँग सल्लाह लिन सकिन्छ । सुरक्षा लक्ष्य परिभाषित गर्दा आर्थिक मामिलासम्बन्धी मन्त्रालय र राष्ट्रिय योजना आयोग (सम्भवत: अरु पनि) ले मुलुकको महत्वपूर्ण हित मूल्याङ्कन गर्न योगदान दिनुपर्दछ ।

नि:सन्देह मुख्य मुद्दा सैनिक आवश्यकता र अर्थ मन्त्रालयको विविध वार्षिक यो जनाअनुसार प्राप्त हुने श्रोत-साधनबीच मध्यस्थता हो । यसको समाधान सेनाको सामग्रीमा हुने खर्चलाई चरणबद्ध गर्नु हो, जुन धेरै वर्षसम्म लम्बिन सक्छ। प्रतिरक्षा दीर्घलाभका लागि हो भने साधनहरू दशकौंसम्म प्रयोग गर्नुपर्ने हुन्छ। आवश्यकताको मागको प्रक्रिया राजनैतिक प्रक्रिया हो, जहाँ खतराहरू मूल्याङ्कन गर्नुपर्दछ र प्रतिरक्षा र सुरक्षालाई सरकारको सम्पूर्ण शिक्षा, स्वास्थ्य, सामाजिक मामिला आदिकाबीच उचित स्थान दिनुपर्दछ। अन्ततोगत्वा: माग अनुसार दिने नदिने विवाद टुंगिन्छ, जसका लागि सरकारले जिम्मेवारी स्वीकार गर्नुपर्दछ र साथसाथै सम्भाव्य भावी अपर्याप्ततातर्फ पनि सोच्नु पर्दछ ।

## रणनैतिक अवधारणा मस्यौदा गर्दा लिइने कदमहरूको क्रमको नमुना

१. रणनैतिक अवधारणा मस्यौदा गर्ने राष्ट्रपति वा मन्त्रीपरिषद्को निर्णय
२. कार्यको अभिभारा राष्ट्रिय सुरक्षा परिषद् वा तदर्थ समितिलाई दिने
३. सचिवालय गठन गर्ने
४. ढाँचा र मुख्य परिच्छेद निर्दिष्ट गर्ने
५. राष्ट्रिय सुरक्षा परिषद् वा समितिलाई निम्न विषय वस्तु समावेश गर्ने कार्य दिने
    - अन्तर्राष्ट्रिय सुरक्षा वातावरण
    - वर्तमान अन्तर्राष्ट्रिय प्रतिबद्धता
    - सुरक्षा लक्ष्य
    - छिमेकी मुलुकहरूबीच द्वन्द्वको परिणाम
    - खतरा र चुनौतीहरू
    - वर्तमान सामर्थ्य र कमीहरू

- वैकल्पिक प्रत्युत्तरहरू
- भावी १० वर्षको बजेटको रुपरेखा
- ग्राह्य सुरक्षा बलको बनावट
- कर्मचारी र साधन, स्वयंसेवक / भर्ती गरिएकाहरू र आरक्षित मानव शक्तिको अनुपात
- संसाधन प्राप्तिका लागि बहुवर्षीय योजना

६. सामग्रीको समन्वय र विवादास्पद पक्षहरूबीच मध्यस्तता

७. सामग्रीहरूबारे बृहत् धारणा लिने र केही कठिन प्रश्नहरू सोध्ने

- यसबाट निर्मित संरचनाले सुरक्षा अभिवृद्धि गर्छ ?
- १० वर्षमा हामी कुन स्थितिमा हुन चाहन्छौं ?
- के हामी यो धान्न सक्छौं ?
- विभिन्न कार्यक्रमहरू लागू गर्न कति समय लाग्छ ?
- खतराहरू के के हुन र के यी मध्येका केही गोप्य दस्तावेजमा परिभाषित गर्नुपर्छ ?
- अनुमान नगरिएका विकसित परिस्थितिको सामना गर्ने व्यवस्था छ ?

८. बृहत् मस्यौदाको सङ्ग्रह

९. पूर्ण राष्ट्रिय सुरक्षा परिषद् वा तदर्थ समितिमा पेश

१०. बाँकी रहेका विरोधाभाषहरूको पहिचान

११. संशोधन र नियमित पुनरावलोकनको व्यवस्था

१२. अन्तिम निर्णयका लागि मन्त्री परिषद्मा प्रस्तुती

१३. रणनैतिक अवधारणा प्रकाशन र संसद्मा प्रस्तुती

१४. संसद्द्वारा सुनुवाइको व्यवस्था र बहस

१५. सम्भावित संशोधन, जुन सल्लाहका लागि राष्ट्रिय सुरक्षा परिषद्मा फिर्ता पठाउने

१६. राष्ट्र प्रमुखद्वारा जारी गर्ने

# सशस्त्र बलको लोकतान्त्रिक नियन्त्रणसम्बन्धी जेनेभा केन्द्र (डिक्याफ) नेपालको परिचय

सशस्त्र बलको लोकतान्त्रिक नियन्त्रणसम्बन्धी जेनेभा केन्द्र (डिक्याफ) ले सुशासन तथा सुरक्षा क्षेत्रको सुधार जस्ता कुराहरुलाई प्रवर्द्धन गर्दछ। उक्त केन्द्रले राम्रा अभ्याससम्बन्धी अनुसन्धान गर्दछ, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा उपयुक्त मूल्यमान्यताहरूको विकासलाई प्रोत्साहित गर्दछ, नीतिगत सिफारिसहरु प्रदान गर्दछ, र देशभित्र सल्लाह र सहयोग कार्यक्रमहरू सञ्चालन गर्दछ । सरकार, संसद, नागरिक समाज, अन्तर्राष्ट्रिय सङ्गठनहरु, तथा प्रहरी, अदालत, गुप्तचर निकायहरु, सीमा सुरक्षा सेवाहरू तथा सेना जस्ता विविध सुरक्षा क्षेत्रका पात्रहरू डिक्याफका साझेदारहरू हुन् ।

नेपालमा डिक्याफ परियोजना मध्यम-कालीन, राष्ट्रिय सुरक्षा क्षेत्र सुधार कार्यक्रमको विकास तथा कार्यान्वयनमा सहयोग पुऱ्याउने कुरामा केन्द्रित छ । लोकतान्त्रिक सुरक्षा क्षेत्रको प्रशासनका विषयहरूमा संसद, नागरिक समाज, सुरक्षा निकायहरूलाई सशक्त बनाउने, सरोकारवालालाई परीवेक्षण, पारदर्शिता तथा जवाफदेहिता प्रवर्द्धन गर्न प्रयोग भएका संयन्त्र वा साधनहरूसँग परिचय गराउने, विविध हितपूर्तिको लागि स्थापना भएका समूहहरुबीच वार्ता प्रोत्साहन गर्ने यस कार्यक्रमको लक्ष्य हो ।

सन् २००८ देखि स्वीट्जरल्याण्ड, ब्रिटेन, डेनमार्क, नर्वे तथा फिनल्याण्ड सम्मिलित समूह, G5, को अनुरोधमा, डिक्याफले सुरक्षा क्षेत्र सुधारका एजेण्डा निर्माण गर्नमा सहयोग गर्नुका साथै नेपालमा सुरक्षा क्षेत्रसँग सम्बन्धित राजनैतिक प्रारुपको निर्माणमा सहयोग गरि रहेकोछ। प्रमुख सरोकारवालाहरूसँगको परामर्शमा डिक्याफले एक दुई-वर्षे सुरक्षा क्षेत्र सुधार कार्यक्रम तयार पारेको थियो, जुन संसदको परिवेक्षण तथा कानून निर्माण गर्ने भूमिकालाई अभिवृद्धि गर्ने कुरामा केन्द्रित थियो र संविधानमा सुरक्षा क्षेत्रसम्बन्धित धाराहरू निमार्ण गर्न संविधानसभालाई सहयोग गर्ने छ । यस बाहेक, डिक्याफले जनमुक्ति सेनालाई नेपाली सेनामा समायोजन गर्ने सम्बद्धमा पनि प्रमुख सरोकारवालाहरूलाई सल्लाह प्रदान गरिरहेको छ ।